माण्डवी गाउँपालिका गाउँसभाको २० औं अधिवेशनमा गाउँपालिकाका अध्यक्ष श्री नम राज अधिकारीज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष ०८३/०८४ को

# नीति तथा कार्यक्रम

माण्डवी गाउँपालिका

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्युठान
लुम्बिनी प्रदेश,नेपाल
मिति २०८३/०३/१०

**सम्पूर्ण गाउँसभा सदस्यज्यूहरू,**
**सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू,**

माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस अवसरमा नेपालको राजनीतिक, सामाजिक तथा आर्थिक परिवर्तनका लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै देश र जनताको हितका लागि आफ्नो अमूल्य जीवन समर्पण गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै लोकतान्त्रिक परिवर्तनका क्रममा घाइते हुनुभएका, अपाङ्गता भएका व्यक्तिहरू, बेपत्ता नागरिक तथा उहाँहरूका परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपाली जनताको लामो संघर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, संविधानको मर्म र भावना तथा स्थानीय तहको स्वायत्त शासनको अभ्यासलाई आत्मसात गर्दै जनताको नजिकबाट सेवा प्रवाह गर्ने, सुशासन कायम गर्ने, सामाजिक न्याय प्रवर्द्धन गर्ने र समृद्ध माण्डवी निर्माण गर्ने अभियानमा गाउँपालिका निरन्तर प्रतिबद्ध रहनेछ ।

सीमित स्रोत साधनको अधिकतम उपयोग गर्दै स्थानीय आवश्यकता, जनताको अपेक्षा र उपलब्ध अवसरलाई मध्यनजर गरी कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटन, वातावरण संरक्षण तथा सेवा प्रवाह सुधारका क्षेत्रमा प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

माण्डवी गाउँपालिकालाई **सुशासनयुक्त, उत्पादनमुखी, आत्मनिर्भर र समृद्ध स्थानीय तहको रूपमा विकास गर्ने** लक्ष्यसहित यस नीति तथा कार्यक्रमले नागरिकमैत्री सेवा प्रवाह, पारदर्शिता, जवाफदेहिता र प्रभावकारी प्रशासनलाई उच्च प्राथमिकता दिनेछ ।

गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा सेवा प्रवाहका कार्यहरूमा पारदर्शिता कायम गर्दै अनियमितता र भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । सार्वजनिक स्रोतको संरक्षण, प्रभावकारी परिचालन र जनताको प्रत्यक्ष सहभागितामार्फत विकासका प्रतिफल सबै वर्ग, क्षेत्र र समुदायसम्म पुऱ्याउनेतर्फ गाउँपालिका दृढ संकल्पित रहनेछ ।

माण्डवी गाउँपालिकाको समग्र विकास यात्रालाई थप व्यवस्थित, दिगो र परिणाममुखी बनाउने उद्देश्यका साथ प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष पेश गर्दछु ।

आर्थिक समृद्धिको आधार तयार गर्दै स्थानीय स्तरमै रोजगारीका अवसरहरू सिर्जना गर्ने, नागरिकका आधारभूत आवश्यकताहरूको सहज पहुँच सुनिश्चित गर्ने तथा दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा गाउँपालिकाका नीति तथा कार्यक्रमहरू केन्द्रित हुनेछन् । खानेपानी, सडक, विद्युत, सञ्चार जस्ता पूर्वाधारको विस्तार र गुणस्तरीय सेवा

प्रवाहसँगै शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा सामाजिक विकासका क्षेत्रलाई प्राथमिकतामा राखी समग्र माण्डवीको विकास अभियानलाई अघि बढाइनेछ ।

कृषि क्षेत्रको आधुनिकीकरण, उत्पादन वृद्धि, स्थानीय स्रोत साधनको परिचालन, उद्यमशीलताको प्रवर्द्धन र आर्थिक क्रियाकलापको विस्तारमार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिइनेछ । गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूलाई पारदर्शी, जवाफदेही, नागरिकमैत्री तथा सूचक र परिणाममा आधारित (Indicator and Result Based) बनाउँदै सुशासन र सामाजिक न्यायको प्रत्याभूति गरिनेछ ।

नेपालको संविधान, सोह्रौँ आवधिक योजना, दिगो विकासका लक्ष्यहरू, संघीय सरकार तथा लुम्बिनी प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू, लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाको अवधारणापत्र, माण्डवी गाउँपालिकाको आवधिक योजना, दीर्घकालीन रणनीतिक योजना, स्थानीय आवश्यकता, जनताको अपेक्षा तथा निर्वाचनका क्रममा व्यक्त गरिएका प्रतिबद्धताहरू यस नीति तथा कार्यक्रमका प्रमुख मार्गदर्शक आधारहरू रहेका छन् ।

माण्डवी गाउँपालिकाको अध्यक्षको हैसियतले आफ्नो कार्यकालमा चौथो पटक आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु । जनताको सेवामा समर्पित हुँदै गाउँपालिकावासीका समस्या, आवश्यकता र सम्भावनालाई नजिकबाट बुझ्ने प्रयास गरेको छु । नागरिकसँग प्रत्यक्ष संवाद, स्थलगत अवलोकन तथा जनप्रतिनिधि र कर्मचारीसँगको समन्वयमार्फत सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने कार्यमा निरन्तर लागिरहेको छु र आगामी दिनमा पनि प्रतिबद्ध रहनेछु ।

गाउँपालिकाका हरेक नीति, निर्णय र कार्यक्रम कार्यान्वयनमा सहकार्य, समन्वय, सहअस्तित्व र सहभागिताको मूल मर्मलाई आत्मसात गर्दै जिम्मेवारी निर्वाह गर्दै आएको छु । यस क्रममा गाउँपालिकाको विकास यात्रामा सहयोग पुर्‍याउनुहुने जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, सामाजिक संघसंस्था, बुद्धिजीवी तथा सम्पूर्ण गाउँपालिकावासीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

माण्डवी गाउँपालिका भौगोलिक विविधता, प्राकृतिक सम्पदा, ऐतिहासिक तथा सांस्कृतिक पहिचान र पर्यटकीय सम्भावनाले भरिपूर्ण स्थानीय तह हो । यहाँको कृषि, पशुपालन, प्राकृतिक स्रोत तथा स्थानीय सीप र सम्भावनालाई व्यवस्थित रूपमा परिचालन गर्न सके समृद्धिको बलियो आधार निर्माण गर्न सकिने विश्वास लिएको छु ।

आदरणीय गाउँसभा सदस्य ज्युहरु,

आर्थिक वर्ष २०८२/०८३ खर्चको सामान्य विश्लेषण

| विनियोजन रकम | प्रतिशत | शिर्षक | प्रतिशत |
|---|---|---|---|
| ४२ करोड ७९ लाख ४७ हजार रुपैयाँ | ५६.७४ | चालु | ६५.१८ |
| | | पुँजीगत | ३२.४१ |

चालु आर्थिक वर्षको बजेट स्वीकृत गर्दा रु **४२ करोड ७९ लाख ४७ हजार रुपैयाँ** अनुमान गरिएकोमा हालसम्म आय तर्फ ३६ करोड १९ लाख ३८ हजार गाउँपालिकाको संचित कोषमा प्राप्त भएको छ। चालु खर्च तर्फ ३० करोड ९७ लाख ५२ हजार रुपैयाँ व्यय अनुमान गरिएकोमा हालसम्म रु. २० करोड ४४ लाख ०६ हजार (६५.१८ प्रतिशत) खर्च भएको छ। पूँजीगत खर्च तर्फ ११ करोड ८१ लाख ९५ हजार रुपैयाँ विनियोजन भएकोमा हालसम्म ३ करोड ८४ लाख १३ हजार (३२.५ प्रतिशत) खर्च भएको छ। हाल सम्मको चालु र पूँजीगत खर्च ५६.७४ प्रतिशत रहेको छ।। गाउँपालिकाको विकास,जनताको चाहाना र आवश्यकता पुरा गर्नका लागि हामी दृढ लक्ष्य र संकल्प लिएर आएका छौँ। आर्थिक वर्ष २०८३/०८४ नीति तथा कार्यक्रम सफल पार्न यहाँहरुको अधिकतम सहयोगको अपेक्षा सहित म माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को निती तथा कार्यक्रमको उद्देश्य तथा प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## उद्देश्यहरु

सीमित स्रोत साधनको अधिकतम उपयोग गर्दै उपलब्ध अवसरहरूको सदुपयोगमार्फत गाउँपालिकाको समग्र विकास, आर्थिक समृद्धि र नागरिकको जीवनस्तर सुधार गर्ने उद्देश्यका साथ आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ । नीति तथा कार्यक्रमका प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

- स्थानीय स्रोत, सीप र सम्भावनाको परिचालन गर्दै उद्यमशीलता प्रवर्द्धन, निजी क्षेत्रसँगको सहकार्य विस्तार तथा रोजगारीका अवसरहरू सिर्जना गर्ने।
- सामाजिक सुरक्षा, समावेशी विकास र लक्षित वर्गका कार्यक्रममार्फत सामाजिक न्याय, समानता तथा संरक्षणको प्रत्याभूति गर्ने।
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय, पारदर्शी र नागरिकमैत्री बनाउँदै सुशासनको प्रवर्द्धन गर्ने।
- उत्पादनमूलक, प्रतिफलमुखी तथा दीगो भौतिक पूर्वाधार निर्माणमा लगानी विस्तार गरी विकासका आधारहरू सुदृढ गर्ने।
- शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा सामाजिक विकासका क्षेत्रमा गुणात्मक सुधार गर्दै मानव विकासलाई प्राथमिकता दिने।

## नीति तथा कार्यक्रमका प्राथमिताहरुः

उल्लेखित उद्देश्यहरू हासिल गर्दै माण्डवी गाउँपालिकाको समग्र विकासलाई गति दिन, स्थानीय आवश्यकता र जनअपेक्षालाई सम्बोधन गर्न तथा उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालन सुनिश्चित गर्न आगामी आर्थिक वर्षको निति तथा कार्यक्रमहरुको देहायका प्राथमिकता क्षेत्रहरूमा केन्द्रित गरिनेछ।

माण्डवी गाउँपालिका

- कृषि तथा पशुपालन क्षेत्रलाई स्थानीय अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गर्दै उत्पादन वृद्धि, आधुनिकीकरण, व्यवसायीकरण तथा बजारीकरणमा जोड दिइनेछ। स्थानीय उत्पादनलाई प्रोत्साहन, कृषकको क्षमता विकास, कृषि पूर्वाधार निर्माण तथा उद्यमशीलता विकासमार्फत रोजगारी सिर्जना गरिनेछ।
- गुणस्तरीय शिक्षा तथा मानव विकास शिक्षाको गुणस्तर सुधार, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुदृढीकरण, प्रविधिमैत्री शिक्षाको विस्तार तथा बालबालिका र युवाको क्षमता विकासलाई प्राथमिकता दिइनेछ।
- स्वास्थ्य, पोषण तथा सामाजिक विकास नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्दै स्वास्थ्य संस्थाको सुदृढीकरण, मातृ तथा शिशु स्वास्थ्य, ज्येष्ठ नागरिक, महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
- पूर्वाधार विकास, खानेपानी, सिंचाइ, विद्युत, सञ्चार लगायतका पूर्वाधारलाई आवश्यकता, प्राथमिकता र प्रतिफलका आधारमा विकास गर्दै दिगो र गुणस्तरीय संरचना निर्माणमा जोड दिइनेछ।
- रोजगारी, सीप विकास तथा उद्यमशीलता युवा तथा महिलालाई लक्षित गरी सीप विकास, स्वरोजगार प्रवर्द्धन र स्थानीय स्तरमा आयआर्जनका अवसर सिर्जना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- सुशासन तथा संस्थागत क्षमता विकास सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग, प्रशासनिक सुधार, जवाफदेहिता र भ्रष्टाचार नियन्त्रणका उपायहरूलाई प्राथमिकता दिइनेछ।
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापन प्राकृतिक स्रोत संरक्षण, जलवायु अनुकूल विकास, विपद् जोखिम न्यूनीकरण तथा वातावरणमैत्री विकास अवधारणालाई आत्मसात गर्दै कार्यक्रम सञ्चालन गरिनेछ।
- पर्यटन, संस्कृति तथा स्थानीय पहिचान प्रवर्द्धन माण्डवी गाउँपालिकाका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्भावनाहरूको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटन विकास मार्फत स्थानीय आयआर्जन वृद्धि गरिनेछ।

**गाउँ सभाका सदस्यहरु,**

अव क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु।

**क्षेत्रगत नीतिहरुः**

## १. आर्थिक विकास क्षेत्र

- कृषि उपज संकलन संकलन केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न पहल गरिनेछ।
- स्थानीय स्रोत, साधन, सीप र सम्भावनाको अधिकतम उपयोग गर्दै माण्डवी गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउने तथा तुलनात्मक लाभका कृषि उपजको उत्पादनमार्फत कृषकको आय वृद्धि र रोजगारी सिर्जना गर्ने उद्देश्यले व्यावसायिक तथा आधुनिक कृषि प्रणालीको प्रवर्द्धन गरिनेछ।
- कृषि उत्पादनमा गुणस्तरीयता कायम गर्न रासायनिक मल, विषादी, हर्मोन, प्लाष्टिक लगायतका सामग्रीको प्रयोगलाई मापदण्डमा आधारित बनाउँदै सुरक्षित तथा वातावरणमैत्री कृषि प्रणाली अवलम्बन गरिनेछ।

माण्डवी गाउँपालिका

- वास्तविक कृषक तथा कृषि उद्यमीको पहिचान, वर्गीकरण र अभिलेखीकरण गरी राज्यबाट उपलब्ध हुने सेवा, सुविधा तथा अनुदानलाई सरल, पारदर्शी र प्रभावकारी रूपमा उपलब्ध गराइनेछ।
- **"बाँझो जमिन नराखौँ, उत्पादन बढाऔँ"** भन्ने नीति अवलम्बन गर्दै प्रयोगविहीन जमिनलाई उत्पादनशील बनाउन सहकारी, कृषक समूह तथा निजी क्षेत्रको सहभागितामा लिज खेती, सामूहिक खेती तथा करार खेतीको अवधारणा कार्यान्वयन गरिनेछ।
- किसानलाई उन्नत विउ मल कृषि उपकरण तथा प्रविधिमा सहुलियत प्रदान गरिनेछ ।
- कृषि, पशुपालन, दुग्ध तथा मासु उत्पादनलाई आयआर्जनको प्रमुख आधारका रूपमा विकास गर्दै फलफूल खेती, बाख्रापालन, घाँस उत्पादन, बीउ उत्पादन तथा स्थानीय कृषि व्यवसायलाई प्रोत्साहन गरिनेछ। सिँचाइ कुलो निर्माण तथा विपदबाट क्षतिग्रस्त सिँचाइ संरचनाको पुनःनिर्माणलाई प्राथमिकता दिइनेछ।
- स्थानीय उत्पादनको संरक्षण, प्रशोधन र बजारीकरणमा जोड दिँदै कृषि उपजमा आधारित साना तथा मझौला उद्योग स्थापना गर्ने नीति लिइनेछ। कृषकको योगदानको सम्मान गर्दै किसान पेन्सन कार्यक्रम सञ्चालनको सम्भावना अघि बढाइनेछ।
- सहकारी संस्थाहरूलाई प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउन नियमित अनुगमन तथा नियमन गरिनेछ। निष्क्रिय संस्थाहरूको व्यवस्थापन तथा आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइनेछ।
- "एक वडा – एक रिचार्ज पोखरीकार्यक्रमलाई निरन्तरता दिँदै यस आर्थिक वर्षभित्र प " प्राथमिकताका आधारमा निर्माण सम्पन्न गरिनेछ।
- विगतमा वितरण भएका कृषि तथा पशुजन्य अनुदानको प्रभावकारिता मूल्यांकन गरी सही उपयोग गर्ने लाभग्राहीलाई प्रोत्साहन र दुरुपयोग गर्नेलाई नियमानुसार कारवाही गरिनेछ।
- गाउँपालिकालाई सुकुम्बासीमुक्त पालिका बनाउने अभियानलाई प्रभावकारी रूपमा अघि बढाइनेछ।
- व्यावसायिक कृषकलाई गुणस्तरीय बीउ, मल तथा कृषि सामग्री सहज रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। अनुदान वितरणलाई उत्पादन, क्षमता र परिणामसँग जोडिनेछ।
- फलफूल नर्सरी तथा बिरुवा उत्पादन कार्यक्रम विस्तार गरी स्थानीय स्तरमै मौसमी फलफूल उत्पादन वृद्धि गरिनेछ।
- सक्रिय कृषि समूह, महिला समूह तथा सहकारीलाई सामूहिक उत्पादनमा जोड्न विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- बैंक तथा वित्तीय संस्थाबाट हुने लगानीलाई उत्पादनमूलक क्षेत्रमा केन्द्रित गर्न समन्वय तथा सहकार्य गरिनेछ।
- कृषिमा आत्मनिर्भर माण्डवी अभियान सञ्चालन गरिनेछ।

## २. सामाजिक विकास क्षेत्रः

### शिक्षा

- शिक्षण सिकाइ प्रक्रियालाई प्रविधिमैत्री, गुणस्तरीय र प्रभावकारी बनाउन 'स्मार्ट विद्यालय' अवधारणा कार्यान्वयनमा ल्याइनेछ। यस अन्तर्गत सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्दै डिजिटल कक्षा, ई–लर्निङ सामग्री, स्मार्ट बोर्ड, इन्टरनेट सुविधा तथा आवश्यक शैक्षिक सफ्टवेयरको व्यवस्था गरिनेछ। शिक्षक तथा विद्यार्थीहरूको डिजिटल साक्षरता अभिवृद्धि गर्दै आधुनिक

शिक्षण विधि अपनाइनेछ। साथै, विद्यालय व्यवस्थापनलाई सूचना प्रविधिमैत्री बनाउँदै शैक्षिक गुणस्तर सुधार र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने लक्ष्य लिइनेछ।"

- गुणस्तरीय बालविकास, आधारभूत तथा माध्यमिक शिक्षा, प्राविधिक एवं व्यावसायिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित गर्दै शिक्षालाई जीवनोपयोगी, व्यवहारिक र परिणाममुखी बनाउने नीति अवलम्बन गरिनेछ।
- सामुदायिक विद्यालयलाई गुणस्तरीय र सर्वसुलभ शिक्षाको केन्द्रका रूपमा विकास गर्न विद्यालय सुधार, शैक्षिक वातावरण निर्माण र व्यवस्थापन पक्षलाई थप प्रभावकारी बनाइनेछ।
- आगामी वर्षमा गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणा गर्ने अभियानलाई तीव्रता दिइनेछ। सार्वजनिक शिक्षाप्रति जनविश्वास अभिवृद्धि गर्न जनप्रतिनिधि, शिक्षक, अभिभावक र समुदायको सहकार्यमा विद्यालय सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालय रूपान्तरण कार्यक्रम अन्तर्गत शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउँदै "स्मार्ट विद्यालय" अवधारणा कार्यान्वयन गरिनेछ। विद्यालय सञ्चालन तथा शिक्षण व्यवस्थापनलाई व्यवस्थित गर्न आवश्यक निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ।
- "मेरो विद्यालय, मेरो दायित्व", विद्यालयका लागि मेरो एक दिन, नमुना विद्यालय विकास तथा विद्यार्थी–शिक्षक सिकाइ आदानप्रदान जस्ता सुधारमुखी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयमा स्मार्ट बोर्ड, कम्प्युटर, प्रोजेक्टर लगायत सूचना प्रविधिका साधनको प्रयोग विस्तार गरी डिजिटल सिकाइ वातावरण निर्माण गरिनेछ।
- विद्यालयमा स्वच्छ खानेपानी, बालमैत्री शौचालय, सरसफाइ, प्राथमिक उपचार तथा सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- आधारभूत तहको निःशुल्क तथा अनिवार्य शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै निजी तथा संस्थागत विद्यालयको नियमन गरिनेछ। विपन्न, दलित, गरिब तथा अनाथ बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रवृत्ति तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- शैक्षिक गुणस्तर सुधारका लागि निरन्तर विद्यार्थी मूल्यांकन, शिक्षक क्षमता विकास, पुनर्ताजगी तालिम तथा शैक्षिक सामग्री व्यवस्थापनमा जोड दिइनेछ।
- विद्यालयको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालयलाई प्रोत्साहन तथा कमजोर कार्यसम्पादन भएका विद्यालयलाई सुधार योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।
- खेलकुद, योग तथा सिर्जनात्मक गतिविधिलाई शिक्षाको अभिन्न अंगका रूपमा विकास गरिनेछ। पालिका स्तरमा खेल प्रतिभाको पहिचान, प्रशिक्षण तथा उमेर समूहमा आधारित प्रतियोगिता सञ्चालन गरिनेछ।
- SEE तथा कक्षा ८ मा उत्कृष्ट नतिजा हासिल गर्ने सामुदायिक विद्यालयका विद्यार्थीलाई सम्मान तथा प्रोत्साहन गरिनेछ।
- विद्यालयमा उपलब्ध गराइने दिवा खाजालाई पोषणयुक्त, स्वच्छ र गुणस्तरीय बनाइनेछ। स्थानीय उत्पादनमा आधारित खाजा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।
- विद्यालयको कार्यसम्पादनका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ। सबै सामुदायिक विद्यालयसँग शैक्षिक गुणस्तर सुधारका लागि कार्यसम्पादन सम्झौता गरी परिणाममुखी बनाइनेछ।

- गाउँपालिकाको आवश्यकता अनुसार प्राविधिक शिक्षा, तथा उच्च शिक्षाका सम्भावित संस्थाको स्थापना सम्बन्धी सम्भाव्यता अध्ययन गरिनेछ।
- विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा ल्याउन प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति तथा आवश्यक सहयोगमार्फत शिक्षामा समान पहुँच सुनिश्चित गरिनेछ।
- कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई अंग्रेजी भाषा लेख्न र बोल्न सक्षम बनाउने उद्देश्यले शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रधानाध्यापकको नेतृत्व क्षमता र विद्यालय व्यवस्थापन सुधार गर्न कार्यसम्पादनमा आधारित जिम्मेवारी तथा मूल्यांकन प्रणाली लागू गरिनेछ।
- आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई अवधारणासँग जोडेर सीप तथा ”पढ्दै कमाउँदै“ आयआर्जनमुखी कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाभित्रका जेहेन्दार, गरिब, दलित, विपन्न तथा शहीद परिवारका विद्यार्थीलाई चिकित्सा र इन्जिनियरिङ शिक्षामा प्रोत्साहन गर्न विशेष छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्वस्थ, अनुशासित र नैतिक समाज निर्माणका लागि योग, ध्यान तथा स्वजागरण अभियान सञ्चालन गरिनेछ।
- नेपाल रेडक्रस तथा स्काउट कार्यक्रमलाई माध्यमिक विद्यालय तहसम्म विस्तार गरी विद्यार्थीमा सेवा भावना र नेतृत्व विकास गरिनेछ।
- नमुना विद्यालय विकासका लागि अभिभावक सहभागिता, परामर्श र आवश्यकताका आधारमा आवासीय अध्ययन सुविधा विकास गर्न आवश्यकताका आधारमा कार्यक्रम सञ्चालन गरिनेछ।
- शिक्षक क्षमता विकास, विद्यालय व्यवस्थापन समिति सशक्तीकरण तथा अभिभावक सहभागिता वृद्धि गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा हुने जातीय विभेद, लैङ्गिक असमानता तथा कुनै पनि प्रकारको भेदभाव अन्त्य गरी समावेशी शैक्षिक वातावरण निर्माण गरिनेछ।
- पानीको अभाव भएको वस्तिमा वर्षाको पानी संकलन गर्न र पानीको अभाव हुन नदिन विशेष योजना ल्याइनेछ।
- सवै विद्यालयमा शुद्ध खानेपानी, शौचालय र सरसफाईको व्यवस्था सुनिश्चत गरिनेछ।

## स्वास्थ्य

- आम नागरिकको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य संस्थाबाट प्रदान हुने सेवालाई गुणस्तरीय, भरपर्दो र नागरिकमैत्री बनाइनेछ। स्वास्थ्य संस्थामा आवश्यकताका आधारमा आपतकालीन तथा प्रसूति सेवा थप परिस्कृत गरिनेछ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा गर्भवती महिलाका लागि स्वास्थ्य पहुँच सहज बनाउन विशेष स्वास्थ्य सेवा तथा निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।
- आधारभूत स्वास्थ्य सेवालाई सुदृढ गर्दै टोल–टोलमा स्वास्थ्य सचेतना, नियमित स्वास्थ्य परीक्षण तथा घरदैलो स्वास्थ्य सेवाको विस्तार गरिनेछ।
- स्वस्थ माण्डवी अभियान सञ्चालन गरि प्रत्येक वडामा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

- महामारी, नसर्ने रोग तथा जलवायु परिवर्तनका कारण जनस्वास्थ्यमा पर्न सक्ने जोखिम न्यूनीकरणका लागि रोकथाममुखी स्वास्थ्य प्रणाली विकास गरिनेछ।
- स्वास्थ्य संस्थामा आवश्यक औषधि, उपकरण, प्रविधि र दक्ष जनशक्तिको व्यवस्थापन गरी स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गरिनेछ।
- दुर्गम तथा सेवाको पहुँच कम भएका क्षेत्रमा सामुदायिक स्वास्थ्य इकाईको क्षमता विकास गर्दै खोप, सुरक्षित मातृत्व, पोषण, प्रजनन स्वास्थ्य तथा उपचारात्मक सेवाको विस्तार गरिनेछ।
- मातृ तथा शिशु मृत्युदर न्यूनीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई प्रभावकारी बनाउन प्रोत्साहन, क्षमता विकास तथा आवश्यक सहयोगका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सुनौला हजार दिनका आमा तथा बालबालिकालाई केन्द्रमा राखी बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ। कुपोषण न्यूनीकरणका लागि समुदायस्तरमा पोषण प्रवर्द्धन तथा उपचारात्मक सेवा विस्तार गरिनेछ।
- घरमै हुने सुत्केरीको अवस्था अन्त्य गर्न स्वास्थ्य संस्थामा प्रसूति सेवा लिन प्रोत्साहन गरिनेछ। गर्भवती तथा सुत्केरी महिलाका लागि उपलब्ध एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।
- माण्डवी गाउँपालिका आधारभूत अस्पताललाई आवश्यक स्रोत, साधन र जनशक्तियुक्त बनाउँदै चिकित्सक सहितको सेवा यसै वर्ष देखि सञ्चालन गरिनेछ। अस्पताललाई प्रविधियुक्त वनाईनेछ।
- स्वास्थ्य संस्थाहरुमा आधारभूत औषधि निःशुल्क उपलव्ध गराइनेछ।
- गाउँपालिकाको Family Health Profile निर्माण गरिनेछ।
- आयुर्वेद तथा स्थानीय जडीबुटीमा आधारित उपचार पद्धतिको संरक्षण र प्रवर्द्धन गरिनेछ। नागरिकमा योग, ध्यान र सकारात्मक जीवनशैली प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्य सेवामा डिजिटल प्रविधिको प्रयोग बढाउँदै स्वास्थ्य अभिलेख व्यवस्थापन र सेवा अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- स्वस्थ जीवनशैली, सरसफाइ, पोषण र रोग लाग्न नदिन अपनाउनुपर्ने व्यवहारसम्बन्धी जनस्वास्थ्य अभियान सञ्चालन गरिनेछ।

**सामाजिक समावेशीकरण तथा महिला, बालबालिका र ज्येष्ठ नागरिक क्षेत्र**

- महिला अधिकार, बाल अधिकार, सामाजिक न्याय तथा भेदभावमुक्त समाज निर्माणका लागि आवश्यक नीति, कार्यक्रम र संस्थागत व्यवस्था सुदृढ गरिनेछ। लक्षित वर्गका गुनासा तथा सेवाका लागि विशेष सहजीकरण संयन्त्र विकास गरिनेछ।
- महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा पछाडि परेका समुदायको समान सहभागिता सुनिश्चित गर्दै समावेशी विकासको अवधारणालाई व्यवहारमा लागू गरिनेछ।
- "घर–घरमा उन्नत प्रविधि, महिलाको समुन्नति" अभियानमार्फत महिलाको सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा आयआर्जनका अवसर सिर्जना गरिनेछ। महिला सञ्जाललाई संस्थागत रूपमा सशक्त बनाइनेछ।
- गाउँपालिकाका नीति निर्माण तथा विकास प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता बढाउँदै लैङ्गिक समानता कायम गर्न पुरुष तथा समुदायको समेत सहभागितामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

- विकास निर्माणका कार्यमा महिला सहभागिता बढाउन महिला नेतृत्व भएका उपभोक्ता समितिलाई प्रोत्साहन गर्दै पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धन गरिनेछ।
- महिला हिंसा, बाल हिंसा, मानव बेचबिखन, बाल विवाह, बहुविवाह, छुवाछुत, लागू पदार्थ दुरुपयोग तथा अन्य सामाजिक विकृति अन्त्यका लागि समुदायस्तरमा सचेतना, पैरवी र कानुनी कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ।
- अभिभावकविहीन, असहाय, अपाङ्गता भएका बालबालिका, हिंसा प्रभावित तथा संरक्षण आवश्यक भएका व्यक्तिको उद्धार, संरक्षण र पुनःस्थापनाका लागि आवश्यक व्यवस्था गरिनेछ।
- अति अशक्त क र ख वर्गका अपाङ्गता भएका नागरिकलाई लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिकको सम्मान, संरक्षण र अनुभवको उपयोग गर्दै प्रत्येक वडामा क्रमशः ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिकको स्वास्थ्य सुरक्षाका लागि निःशुल्क आँखा उपचार कार्यक्रमको पहुँच विस्तार गरिनेछ। ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई उपचार सेवाका लागि आवश्यक पर्दा एम्बुलेन्स सेवाको व्यवस्था निरन्तरता दिइनेछ।
- दीर्घरोगी तथा अशक्त ज्येष्ठ नागरिकका लागि घरदैलो स्वास्थ्य परीक्षण र आवश्यक परामर्श सेवा उपलब्ध गराइनेछ।
- विद्यालय तहमा किशोरी आत्मरक्षा, स्वास्थ्य तथा जीवनोपयोगी सीपसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- दलित समुदायमाथि हुने भेदभाव तथा छुवाछुत अन्त्यका लागि दलित सञ्जाललाई सक्रिय बनाउँदै सामाजिक सम्मान र समान अवसर सुनिश्चित गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय भाषा, कला, संस्कृति, परम्परागत गीत–संगीत, ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरिनेछ।
- टोल विकास संस्था, सामाजिक संघसंस्था तथा समुदायको सहकार्यमा घरेलु हिंसा, छुवाछुत, बालविवाह लगायतका सामाजिक समस्या विरुद्ध निरन्तर अभियान सञ्चालन गरिनेछ।

## खानेपानी तथा सरसफाई

- नागरिकको आधारभूत आवश्यकताको रूपमा रहेको स्वच्छ खानेपानीमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न **”एक धारा–एक घर“** नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- खानेपानी आयोजनाको छनोट तथा सञ्चालन गर्दा स्थानीय आवश्यकता, जनसंख्या, पानीको स्रोत र दीगो व्यवस्थापनलाई आधार बनाई गुणस्तरीय खानेपानी संरचना निर्माण गरिनेछ।
- वडा नं१ . सिमलचौर क्षेत्रमा खानेपानी समस्या समाधानका लागि लिफ्ट खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।
- गाउँपालिकाभित्रका सबै नागरिकलाई सुरक्षित र स्वच्छ खानेपानी उपलब्ध गराउन संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरी ठूला खानेपानी आयोजना सञ्चालनका लागि पहल गरिनेछ।
- खानेपानीको गुणस्तर सुनिश्चित गर्न नियमित पानी परीक्षणको व्यवस्था मिलाइनेछ। खानेपानीका मुहान संरक्षणका लागि वृक्षारोपण, तारबार तथा संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

- गाउँपालिका क्षेत्रभित्र रहेका खानेपानीका सबै स्रोतको पहिचान, अभिलेखीकरण तथा दीगो व्यवस्थापनका लागि आवश्यक योजना तयार गरिनेछ।
- खानेपानीको गुणस्तर परीक्षण तथा शुद्धिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- खानेपानीको पहुँच न्यून भएका वस्ति तथा विद्यालयहरूमा प्राथमिकताका आधारमा सुरक्षित खानेपानी व्यवस्था गरिनेछ। विद्यालयमा निर्माण हुने खानेपानी तथा सरसफाइ संरचनालाई बालमैत्री र अपाङ्गमैत्री बनाइनेछ।
- गाउँपालिका अन्तर्गतका सबै विद्यालयमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH) लागू गरी पूर्ण सरसफाइयुक्त विद्यालय निर्माण अभियान सञ्चालन गरिनेछ।
- सरसफाइ प्रवर्द्धनका लागि घर, विद्यालय र समुदायस्तरमा स्वच्छता व्यवहार परिवर्तन अभियान सञ्चालन गर्दै स्वस्थ र सफा गाउँपालिका निर्माणमा जोड दिइनेछ।

## वातावरण, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन

- बजार क्षेत्र तथा सार्वजनिक स्थानलाई सफा, सुन्दर र व्यवस्थित बनाउन फोहोरमैला व्यवस्थापन प्रणाली (Waste Management System) लाई प्रभावकारी बनाइनेछ। उपयुक्त स्थानमा फोहोर विसर्जन केन्द्र (Dumping Site) निर्माण गरी सञ्चालनमा ल्याइनेछ।
- कुहिने र नकुहिने फोहोर (Biodegradable & Non-biodegradable Waste) छुट्याउने प्रणाली लागू गर्दै निजी क्षेत्रसँगको सहकार्यमा फोहोरबाट जैविक मल (Organic Fertilizer) तथा बायोग्यास उत्पादन गर्ने नीति अवलम्बन गरिनेछ।
- वडा नं. ३ जस्पुर बजारलाई स्वच्छ, सफा, हरियालीयुक्त र व्यवस्थित बजार क्षेत्रका रूपमा विकास गरिनेछ।
- सार्वजनिक स्थल, सामुदायिक भवन तथा सेवास्थलमा अपाङ्गमैत्री सार्वजनिक शौचालय निर्माणलाई प्राथमिकता दिइनेछ।
- आवश्यक स्थानमा फोहोर संकलन गर्ने डस्टबिन राखी सरसफाइसम्बन्धी जनचेतना अभियान सञ्चालन गरिनेछ।

## युवा, रोजगारी तथा खेलकुद विकास

- गाउँपालिकाको नीति निर्माण, योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा युवाको सहभागिता बढाउँदै युवा स्वयंसेवक कार्यक्रम सञ्चालन गरिनेछ।
- युवालाई स्थानीय तथा अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुसार प्राविधिक तथा व्यावसायिक सीप प्रदान गरी स्वरोजगार र उद्यमशीलता विकासमा जोड दिइनेछ।
- वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई लक्षित गरी स्थानीय स्तरमा रोजगारी तथा उद्यम सिर्जना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- **"मिसन रोजगारीः दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धन अभियान"** सञ्चालन गरी सीप विकास, उद्यम प्रवर्द्धन, श्रम बजार व्यवस्थापन तथा लगानी प्रवर्द्धनसम्बन्धी कार्यक्रमलाई एकीकृत रूपमा अघि बढाइनेछ।

- स्थानीय स्रोत, जनशक्ति र सम्भावनाको अध्ययन गरी गाउँ रोजगारी रणनीति (Local Employment Strategy) तयार गरिनेछ। रोजगारी सिर्जनाका सम्भावित क्षेत्र पहिचान गरी नयाँ अवसर विकास गरिनेछ।
- लघु तथा घरेलु उद्योग, स्टार्टअप (Startup), नवप्रवर्तन (Innovation) र स्थानीय स्रोतमा आधारित उद्यमलाई प्रवर्द्धन गरिनेछ। वित्तीय पहुँच, प्रविधि र बजार विस्तारका लागि सहजीकरण गरिनेछ।
- स्थानीयस्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गरी प्रतिभावान खेलाडी पहिचान, प्रशिक्षण तथा प्रोत्साहन गरिनेछ। राष्ट्रिय तथा प्रदेशस्तरमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई सम्मान गरिनेछ।

## अपाङ्गता भएका व्यक्ति तथा समावेशी विकास

- गाउँपालिकाबाट निर्माण हुने भौतिक पूर्वाधार, सार्वजनिक संरचना तथा सेवाहरूलाई अपाङ्गमैत्री (Disability Friendly) बनाउँदै सहज पहुँच सुनिश्चित गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षा, सीप, रोजगारी तथा उद्यमशीलतासँग जोड्दै आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिमाथि हुने विभेद, हिंसा तथा सामाजिक बहिष्करण न्यूनीकरणका लागि सचेतना र संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूको अद्यावधिक तथ्यांक व्यवस्थापन गरी 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिलाई स्वरोजगारमुखी कार्यक्रम (Self Employment Program) मा जोडिनेछ।
- कृषि, वन, पर्यटन, विज्ञान तथा प्रविधि क्षेत्रसँग रोजगारीका अवसर जोड्दै लक्षित वर्गलाई प्राथमिकता दिइनेछ।
- सहिद परिवार, बेपत्ता परिवार तथा घाइते/अपाङ्गता भएका व्यक्तिलाई रोजगारी तथा स्वरोजगार कार्यक्रमहरूमा विशेष प्राथमिकता दिइनेछ।

## सामाजिक न्याय, संस्कृति संरक्षण तथा समावेशी विकास

- सामाजिक न्यायसहितको समृद्धि तथा समावेशी विकासको नमुना स्थानीय तह निर्माण गर्न योजनाबद्ध नीति, कार्यक्रम र अभियान सञ्चालन गरिनेछ। **"स्थानीय सीप, संस्कृति र पहिचानः आत्मनिर्भर विकासको अभियान" सञ्चालन गरिनेछ।**
- स्थानीय कला, संस्कृति र पहिचानको प्रतीक पञ्चेबाजा संरक्षण तथा प्रवर्द्धन गर्दै वडा नं. २ र ५ मा रहेका पञ्चेबाजा समूहलाई पुनर्ताजगी तालिम, आवश्यक सामग्री तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ। माण्डवीलाई पञ्चेबाजा संस्कृतिको केन्द्र (Hub) का रूपमा विकास गर्दै यसलाई रोजगारी र आयआर्जनसँग जोडिनेछ।
- सामाजिक विकृति, हिंसा तथा अनैतिक गतिविधि न्यूनीकरण गर्दै सुरक्षित, सभ्य र न्यायपूर्ण समाज निर्माणका लागि समुदायमा आधारित सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- आर्थिक अवस्था कमजोर भएका विपन्न, अशक्त ज्येष्ठ नागरिक, दीर्घरोगी तथा विशेष संरक्षण आवश्यक भएका नागरिकको स्वास्थ्य उपचार र सामाजिक सुरक्षाका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ।

माण्डवी गाउँपालिका

- जनयुद्ध तथा लोकतान्त्रिक आन्दोलनका क्रममा शहादत प्राप्त गरेका प्रमाणित शहीद परिवारलाई प्रदान गर्दै आएको मासिक सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- व्यक्तिगत घटना दर्तालाई पूर्ण र व्यवस्थित बनाउन आवश्यक कार्यविधि निर्माण गरी आगामी अवधिमा व्यक्तिगत घटना दर्ताको पूर्णता सुनिश्चित गर्ने अभियान सञ्चालन गरिनेछ।
- युवा परिचालन र सेवा पहुँच विस्तारका लागि युवा परिषद् गठन गरी युवाको सहभागितामा सामाजिक विकास तथा सार्वजनिक सेवासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- दलित समुदायको अधिकार संरक्षण, सामाजिक सम्मान र समान अवसर सुनिश्चित गर्न सचेतना, क्षमता विकास तथा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

## संस्कृति, सांस्कृतिक तथा धार्मिक सम्पदा संरक्षण एवं प्रवर्द्धन

- **"मौलिक पहिचानको संरक्षणः पर्यटन र समृद्धिको आधार" भन्ने नारा सहित** माण्डवी गाउँपालिकाको मौलिक भाषा, धर्म, संस्कृति, कला, साहित्य तथा परम्पराको संरक्षण र प्रवर्द्धनलाई विकासको अभिन्न पक्षका रूपमा अघि बढाइनेछ।
- विभिन्न जातजाति, भाषाभाषी र समुदायका मौलिक संस्कृति तथा परम्पराको अध्ययन, अनुसन्धान र अभिलेखीकरण (Documentation) गरी संरक्षण गरिनेछ।
- स्थानीय भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धन (Cultural Tourism Promotion) सँग जोड्दै सांस्कृतिक पर्यटनका सम्भावनाहरू विकास गरिनेछ।
- परम्परागत मेला, पर्व, जात्रा तथा सांस्कृतिक कार्यक्रमलाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गर्न समुदायसँग सहकार्य गरिनेछ।
- स्थानीय नृत्य, लोकगीत, नाट्यकला, हस्तकला तथा सांस्कृतिक अभ्यासको संरक्षणका लागि समुदायस्तरमा कार्यक्रम सञ्चालन गरिनेछ।
- वडा नं. ४ धनचौर क्षेत्रमा होमस्टे (Homestay) सञ्चालनको सम्भाव्यता अध्ययन गरी स्थानीय संस्कृति र पर्यटनसँग जोडिनेछ।
- लोपोन्मुख सराय नाच, मारुनी नाच लगायतका परम्परागत सांस्कृतिक सम्पदाको संरक्षणका लागि अभिलेख तथा वृत्तचित्र (Documentary) निर्माण गरिनेछ।
- सांस्कृतिक मेला, पर्व तथा उत्सवलाई व्यवस्थित गरी स्थानीय अर्थतन्त्र, पर्यटन र सामाजिक एकतासँग जोडिनेछ।

## जनसंख्या व्यवस्थापन तथा बसाइँसराइ

- बसाइँसराइका कारण सिर्जित चुनौतीलाई सम्बोधन गर्न जनसांख्यिक अवस्थाको अध्ययन गरी शिक्षा, स्वास्थ्य, पूर्वाधार र सेवाको सन्तुलित विकासमा जोड दिइनेछ।
- युवाशक्तिलाई जनसांख्यिक लाभांशका रूपमा उपयोग गर्न प्राविधिक, व्यावसायिक तथा जीवनोपयोगी सीप विकासमा लगानी विस्तार गरिनेछ।

- जनसंख्या, बसाइँसराइ, श्रमशक्ति र सामाजिक अवस्थासम्बन्धी तथ्यांकको अध्ययन तथा विश्लेषण गरी तथ्यमा आधारित नीति निर्माण (Evidence Based Planning) गरिनेछ।
- गाउँपालिकाबाट बाहिरिने युवा जनशक्तिलाई स्थानीय स्रोत, कृषि, पर्यटन तथा उद्यमसँग जोड्दै गाउँमै अवसर सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ।

## पुर्वाधार विकास क्षेत्रः

### यातयात पूर्वाधार

- सडक वत्ति तथा डिजिटल पूर्वाधार विस्तार गर्ने कार्य अगाडी वढाईनेछ।
- गाउँपालिकाको दीर्घकालीन विकासलाई आधार मान्दै निर्माण भएका पूर्वाधारको संरक्षण, मर्मतसम्भार तथा स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ।
- गाउँपालिका केन्द्रदेखि वडा कार्यालयसम्म जोड्ने सडकलाई बाह्रै महिना सञ्चालनयोग्य बनाउने गरी कालोपत्रे गरि स्तरोन्नति गरिनेछ। सबै बस्तीलाई सडक सञ्जाल Road Connectivity मा जोड्ने कार्यलाई निरन्तरता दिइनेछ।
- पर्यटकीय पदमार्गको गुरुयोजना तयार गरी स्थानीय समुदायको सहभागितामा निर्माण, संरक्षण र व्यवस्थापन गरिनेछ।
- विगत वर्षमा अधुरा रहेका पूर्वाधार योजनालाई प्राथमिकताका आधारमा निरन्तरता दिई सम्पन्न गरिनेछ।
- स्थानीय सडक, कृषि सडक, सिंचाई, खानेपानी, ऊर्जा लगायतका पूर्वाधारलाई उत्पादन, रोजगारी र सामाजिक न्यायसँग जोडिनेछ।
- प्रत्येक वडामा नमुना चौपारी निर्माण गरी सामाजिक भेटघाट र सार्वजनिक उपयोगका स्थान विकास गरिनेछ।

## सिँचाई, ऊर्जा तथा जलस्रोत व्यवस्थापन

- सार्वजनिक जग्गा, कुलो, बाटो तथा प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थित उपयोग गरिनेछ।
- मर्मत गर्नुपर्ने सिंचाई कुलो तथा जल संरचनाको पुनःनिर्माणका लागि संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य गरिनेछ।
- माडी खोला, झिम्रुक खोला तथा अरङ्ग खोलाबाट सम्भावित लिफ्ट सिँचाई Lift Irrigation विस्तार गरी कृषियोग्य जमिनमा सिँचाई सुविधा पुऱ्याइनेछ।
- सिँचाई कुलो निर्माण तथा मर्मतसम्भारलाई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने मुख्य आधारका रूपमा विकास गरिनेछ।
- खानेपानीको गुणस्तर परीक्षण गरी आवश्यक शुद्धीकरण प्रविधि Purification Technology को प्रयोगमार्फत सुरक्षित खानेपानी उपलब्ध गराइनेछ।

## आवास, बस्ती विकास तथा शहरी पूर्वाधार

- बढ्दो शहरीकरणलाई व्यवस्थित गर्न सुरक्षित, भूकम्प प्रतिरोधी तथा व्यवस्थित बस्ती विकासमा जोड दिइनेछ।
- भवन निर्माण आचारसंहिता (Building Code) तथा नक्सा पास प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

  भूउपयोग योजना–Land Use Plan अद्यावधिक गरी सुरक्षित बस्ती, बजार क्षेत्र तथा उत्पादन क्षेत्रको पहिचान गरी योजनाबद्ध विकास गरिनेछ।
- सार्वजनिक जग्गाको संरक्षण तथा उचित उपयोगका लागि आवश्यक नीति तथा कार्यविधि निर्माण गरी अतिक्रमण नियन्त्रण गरिनेछ।
- गाउँपालिकाका सडकलाई नियमित सञ्चालनमा राख्न ब्याक्हो लोडर (Backhoe Loader) लगायतका उपकरण तयारी अवस्थामा राखी मर्मतसम्भार व्यवस्था प्रभावकारी बनाइनेछ।
- पूर्वाधार विकासमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गरी अपनत्व र दिगोपना (Ownership & Sustainability) वृद्धि गरिनेछ।

## रोजगार, उद्योग तथा उद्यम विकास

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै वास्तविक बेरोजगार, न्यून आय भएका तथा रोजगारीको अवसरबाट वञ्चित नागरिकलाई प्राथमिकता दिइनेछ।
- स्थानीय स्रोत र सम्भावनामा आधारित घरेलु, लघु तथा साना उद्योगको सम्भाव्यता अध्ययन गरी उद्योग प्रवर्द्धन गरिनेछ।
- उद्योग सञ्चालनमा स्थानीय रोजगारी सिर्जना, वातावरण संरक्षण र सामाजिक उत्तरदायित्व (Social Responsibility) सुनिश्चित गर्न सहजीकरण गरिनेछ।
- उद्योग वाणिज्य क्षेत्रसँग सहकार्य गरी सीप विकास तथा उद्यमशीलता तालिम सञ्चालन गरिनेछ। उत्कृष्ट उद्यमीलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।
- युवा उद्यमी तथा रोजगारी सिर्जना गर्ने उद्योगलाई प्रोत्साहन गर्न बीउ पूँजी (Seed Capital) तथा पूर्वाधार सहयोगसम्बन्धी कार्यक्रम कार्यान्वयन गरिनेछ।
- स्थानीय सञ्चारकर्मीको क्षमता विकास, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण (Social Audit) तथा तेस्रो पक्ष मूल्यांकन (Third Party Evaluation) जस्ता सुशासनका अभ्यासलाई प्रभावकारी बनाइनेछ।

## ४. वातावरण संरक्षण, वन व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरण क्षेत्र

- विपदबाट उच्च जोखिम युक्त वस्तिमा कार्यविधि वनाई जोखिम घर विमा कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय भू–बनोट, जोखिम अवस्था, वातावरणीय संवेदनशीलता र मौलिक पहिचानलाई आधार बनाई **जोखिम संवेदनशील भू–उपयोग योजना (Risk Sensitive Spatial Plan)** तयार गरी व्यवस्थित बस्ती विकासको नीति अवलम्बन गरिनेछ।

- भू संरक्षण, नदि नियन्त्रण तथा वायो इन्जिनियरिङ प्रविधि प्रयोग गरी विपदबाट हुने क्षति कम गर्न आवश्यक योजना वनाईनेछ ।
- वन क्षेत्रलाई संरक्षणसँगै उत्पादन र आयआर्जनको स्रोतको रुपमा विकास गर्दै सामुदायिक वनसँग सहकार्य गरी जडीबुटी, कृषि वन (Agro Forestry), काठजन्य उद्योग तथा स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग प्रवर्द्धन गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समूहलाई परिचालन गरी वन डढेलो नियन्त्रण, जैविक विविधता संरक्षण तथा सुकेको पातपतिङ्गरबाट कम्पोष्ट मल उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- वनमा आधारित उद्यम विकासका लागि तेजपत्ता, टिमुर, मालागेडी लगायतका स्थानीय जडीबुटीको संरक्षण, उत्पादन, संकलन तथा बजारीकरणमा सहजीकरण गरिनेछ ।
- जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न वृक्षारोपण, हरित क्षेत्र विकास, भू–क्षय नियन्त्रण तथा वातावरण संरक्षण कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।
- विपद् सम्भावित क्षेत्रहरुको पहिचान, जोखिम नक्साङ्कन तथा पूर्व तयारी योजना अद्यावधिक गरी विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ (Preparedness, Response and Recovery) प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- विपद् व्यवस्थापन कोषलाई सुदृढ गर्दै विपद् प्रभावित परिवारको राहत, उद्धार, पुनर्स्थापना तथा पुनर्निर्माण कार्यलाई व्यवस्थित गरिनेछ ।
- बाढी, पहिरो तथा अन्य प्राकृतिक जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली (Early Warning System) विकास गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।
- विकास निर्माणका कार्य गर्दा वातावरणीय प्रभाव र विपद् जोखिमलाई अनिवार्य रुपमा समेटिनेछ । प्राविधिक अध्ययन बिना सडक तथा पूर्वाधार निर्माणमा अनियन्त्रित मेसिन प्रयोगलाई निरुत्साहित गरिनेछ ।
- ग्रामीण सडक निर्माण गर्दा पानी निकास, संरक्षण संरचना, जैविक इन्जिनियरिङ्ग (Bio Engineering) तथा पहिरो नियन्त्रण प्रविधिलाई अनिवार्य गरिनेछ ।
- स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (Local Emergency Operation Center) लाई प्रभावकारी रुपमा सञ्चालन गरी विपद् सूचनाको संकलन, विश्लेषण र प्रवाह प्रणाली मजबुत बनाइनेछ ।
- विद्यालय, सामुदायिक भवन तथा सार्वजनिक स्थलहरुलाई आवश्यक मापदण्ड अनुसार विपद्को समयमा प्रयोग गर्न सकिने सुरक्षित आश्रयस्थलको रुपमा विकास गरिनेछ ।
- आगलागी जोखिम भएका क्षेत्रमा पानी सञ्चय पोखरी निर्माण, वन संरक्षण तथा सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- वातावरणमैत्री स्थानीय नीति कार्यान्वयन गर्दै फोहोरमैला व्यवस्थापन, नदी तथा खोलाको संरक्षण र प्रदूषण नियन्त्रणमा विशेष जोड दिइनेछ ।
- माडीखोला, झिमरुक खोला र अरङ खोलामा जथाभावी फोहोर तथा प्रदूषणजन्य गतिविधि नियन्त्रण गरी स्वच्छ जलस्रोत संरक्षण गरिनेछ ।
- विपद् व्यवस्थापनलाई सबै विकास क्षेत्रसँग एकीकृत गर्दै **"विकाससँगै जोखिम न्यूनीकरण"** (Risk Reduction with Development) को अवधारणा लागू गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास क्षेत्रः

- कर प्रशासनलाई प्रभावकारी, पारदर्शी र सेवाग्राहीमैत्री बनाउने उद्देश्यले नागरिक तथा व्यवसायीहरूलाई आवश्यक पर्ने व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर )PAN) प्राप्त गर्ने प्रक्रियालाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ । यसका लागि गाउँपालिकामार्फत सम्बन्धित निकायसँग समन्वय गरी सेवा प्रवाहलाई विकेन्द्रीकृत गर्दै गाउँपालिकाबाट सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । साथै, करदाता सचेतना अभिवृद्धि गर्दै अनलाइन तथा प्रत्यक्ष दुवै माध्यमबाट PAN दर्ता तथा उपलब्ध गराउने प्रणालीलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।"
- "गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका संघ संस्था तथा व्यवसायहरूको कर प्रणालीलाई व्यवस्थित बनाउँदै करदातालाई समयमै दर्ता तथा नवीकरण गर्न प्रोत्साहित गर्ने उद्देश्यले, २०८३ साल असोज मसान्तसम्म नवीकरण नगरेका वा नवीकरणमा ढिलाइका कारण जरिवानामा परेका संघ संस्था तथा व्यवसायहरूलाई लाग्ने जरिवाना रकममा ५० प्रतिशत कर छुट प्रदान गरिने व्यवस्था मिलाइनेछ। यस नीतिबाट कर अनुपालनमा सुधार ल्याउने, करदाताको दायित्वप्रति सचेतना अभिवृद्धि गर्ने तथा स्थानीय राजस्व संकलनलाई दिगो र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।
- बड्दो प्रविधिको विकास संगै विकास भएको AI (Artificial Intellienge) प्रयोग गर्न कर्मचारीहरुको क्षमता विकास गरि कार्यालयको लागत तथा समय न्युन गर्न तथा सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुस्त र द्रुत बनाइनेछ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवा सरल, छिटो र प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग (Digital Service Delivery), नागरिक सहायता कक्ष, घुम्ती सेवा तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- कार्यपालिका र गाउँ सभाबीचको समन्वय तथा अन्तरसम्बन्ध सुदृढ गर्दै कानुन तर्जुमा, संशोधन र कार्यान्वयन प्रक्रियालाई छिटो, गुणस्तरीय र परिणाममुखी बनाइनेछ । गाउँ सभा र कार्यपालिका सदस्यहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- तथ्यमा आधारित नीति निर्माण (Evidence Based Planning) का लागि स्थानीय तथ्याङ्क संकलन, व्यवस्थापन र विश्लेषण प्रणालीलाई व्यवस्थित गरिनेछ।
- सार्वजनिक सेवा प्रवाहमा जवाफदेहिता, पारदर्शिता र सुशासन कायम गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, तेस्रो पक्ष मूल्याङ्कन र नागरिक सन्तुष्टि सर्वेक्षण (Citizen Satisfaction Survey) लाई निरन्तरता दिइनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज बनाउँदै बैंक तथा सम्बन्धित निकायसँगको समन्वयमा वडा तथा आवश्यकताअनुसार घरदैलो सेवा उपलब्ध गराइनेछ।
- वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरिनेछ । अनावश्यक खर्च नियन्त्रण गर्दै पूँजीगत खर्चको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।
- उपभोक्ता समिति तथा सरोकारवालाको क्षमता विकास गरी गुणस्तरीय, पारदर्शी र समयमै योजना सम्पन्न गर्ने प्रणाली विकास गरिनेछ।

- “आफ्नो गाउँ आफै बनाऔंअभियान अन्तर्गत सामुदायिक सहभागिता ”, श्रमदान र स्थानीय स्रोत परिचालनलाई प्रोत्साहन गरिनेछ ।
- राजस्वका नयाँ स्रोत पहिचान, करको दायरा विस्तार र प्राकृतिक स्रोतको दिगो उपयोगमार्फत आन्तरिक आय वृद्धि गरिनेछ ।
- भ्रष्टाचारप्रति शून्य सहनशीलता (Zero Tolerance) को नीति अवलम्बन गर्दै कर्मचारी क्षमता विकास, कार्यसम्पादन मूल्याङ्कन र उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- सूचनाको हक (Right to Information) लाई प्रभावकारी कार्यान्वयन गर्दै नागरिकले मागेको सूचना सरल, सहज र पारदर्शी प्रक्रियाबाट उपलब्ध गराइनेछ । सूचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित बनाइनेछ ।
- गाउँपालिकाका सेवा प्रवाह प्रणालीलाई एकीकृत गर्दै सम्पूर्ण अभिलेखहरुको डिजिटाइजेशन गरी सूचना तथा अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरिनेछ । गाउँपालिकालाई क्रमशः कागजरहित सरकारको अवधारणातर्फ अघि बढाइनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सिफारिस तथा सेवाहरुलाई अनलाइन प्रणाली (Web Based / Online Service) मार्फत उपलब्ध गराउँदै सेवा प्रवाहलाई छिटो, सरल र प्रभावकारी बनाइनेछ ।
-

अन्त्यमा,

वार्षिक नीति तथा कार्यक्रम निर्माणका क्रममा मार्गदर्शन, सुझाव तथा सहयोग प्रदान गर्नुहुने गाउँ सभा सदस्यज्यूहरू, राजनीतिक दल, प्राज्ञ, अर्थविद्, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, आम सञ्चार जगत, करदाता, विकास साझेदार तथा सम्पूर्ण माण्डवीवासी प्रति हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछु ।

विगतका वर्षहरुमा गाउँपालिकाले अवलम्बन गरेका दीर्घकालीन क्षेत्रगत नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनबाट माण्डवी गाउँपालिकाको भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक रुपान्तरण, सांस्कृतिक संरक्षण तथा मानव विकासका क्षेत्रमा सकारात्मक परिणाम प्राप्त हुने विश्वास लिएको छु ।

प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवाला पक्षहरुको निरन्तर सहयोग, सहकार्य र रचनात्मक भूमिकाको अपेक्षा गर्दछु । यस सम्मानित गाउँसभाबाट प्राप्त हुने सुझाव तथा मार्गदर्शनलाई आत्मसात गर्दै नीति तथा कार्यक्रमलाई थप प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद !

नम राज अधिकारी
अध्यक्ष
माण्डवी गाउँपालिका,जस्पुर, प्यूठान ।
मितिः २०८३/०३/१०

माण्डवी गाउँपालिका